घरपझोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जोमसोम, मुस्ताङ

गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः २०७६/७७
चलानी नं. ९९८

२०७६।१२।२७

विषयः कोभिड १९ को रोकथाम तथा नियन्त्रणको लागि सक्रियता अपनाउने सम्बन्धमा ।

**श्री कर्मचारीहरू (सबै),**
घरपझोङ गाउँपालिका, मुस्ताङ

उपरोक्त सम्बन्धमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (कर्मचारी प्रशासन महाशाखा) को पत्रसंख्या विविध/२०७६/७७, च.नं. ४१६ मिति २०७६।१२।२६ र ऐ.ऐ. मन्त्रालय (सङ्घीय मामिला महाशाखा) को च.नं. ४०३ मिति ०७६।१२।२५ का छुट्टाछुट्टै पत्रहरू यसैसाथ संलग्न छन् । बेहोरा संलग्न पत्रहरूबाटै जानकारी लिनुभई कोभिड १९ को विद्यमान राष्ट्रिय विपद्को समयमा यस कार्यालय तथा अन्तर्गत कार्यरत सबै राष्ट्रसेवक कर्मचारीहरू अझै तदारूकता तथा प्रभावकारी ढङ्गले रोकथाम तथा नियन्त्रण, राहत तथा उद्धार सम्बन्धी कार्यमा जुट्नको लागि अनुरोध छ ।

(नेत्रप्रसाद पौडेल)
**प्रमुख प्रशासकीय अधिकृत**

सादर अवगतार्थः

श्रीमान् अध्यक्षज्यू, घरपझोङ गाउँपालिका, मुस्ताङ ।
श्रीमान् उपाध्यक्षज्यू, घरपझोङ गाउँपालिका, मुस्ताङ ।

वोधार्थः

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाण्डौ ।
श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौं ।
श्री गृह मन्त्रालय, सिंहदरबार, काठमाण्डौं ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश, पोखरा ।
श्री जिल्ला प्रशासन कार्यालय, मुस्ताङ ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, मुस्ताङ ।

# नेपाल सरकार
# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
## (कर्मचारी प्रशासन महाशाखा)

सिंहदरबार, काठमाडौं।
फोन नं: ०१-४२००५११

प सं: निप्रिर्च २०७६।७७
च नं: ४९६

मिति: २०७६।१२।२६

श्री राष्ट्रसेवक कर्मचारीहरु (सबै)।

विषय: COVID-19 को रोकथाम तथा नियन्त्रणको लागि आवश्यक सकृयता अपनाउने सम्बन्धमा।

विश्वव्यापी महामारीको रुपमा फैलिएको COVID-19 को रोकथाम तथा नियन्त्रणको लागि नेपाल सरकारले गरेको लकडाउनको कारण अति आवश्यक सेवा प्रदान गर्ने निकायमा कार्यरत बाहेकका अधिकांश राष्ट्रसेवकहरु घरमै रहनु भएको सन्दर्भमा नेपाल सरकारले लागू गरेको लकडाउनलाई प्रभावकारी बनाउन सबै राष्ट्रसेवकहरुले देहाय बमोजिम गर्नु गराउनु हुन यस मन्त्रालय (माननीय मन्त्रीस्तर) को मिति २०७६।१२।२६ को निर्णय अनुसार अनुरोध छ:

(क) आफूभन्दा एक तह माथिको कर्मचारीसँग नियमित सम्पर्कमा रहने।

(ख) टेलिफोन, इन्टरनेट जस्ता सूचना प्रविधिका साधनहरु प्रयोग गरी घरमै बसेर गर्न सकिने कार्यहरु कार्यालय प्रमुख तथा सुपरिवेक्षकसँग समन्वय गरी सम्पादन गर्ने।

(ग) COVID-19 भाइरसबाट आफू सुरक्षित रहने तथा आफ्नो परिवारका सदस्य र आफ्नो सम्पर्कमा रहेका व्यक्तिहरुलाई नेपाल सरकारले दिएका निर्देशनको पूर्ण पालना गर्न सहयोग र सहजीकरण गर्ने।

(घ) आफू बसेको स्थान वरिपरि लकडाउन लागू भएको मितिपछि COVID- 19 प्रभावित स्थानबाट आएको व्यक्ति अनावश्यक घुमफिर गरेको पाइएमा निजलाई क्वारेण्टाइनमा बस्न अनुरोध गर्ने र त्यसरी अनुरोध गर्दा पनि कुनै व्यक्ति क्वारेण्टाइनमा नबसी बाहिर हिंडडुल गरेको पाइएमा सम्बन्धित वडा कार्यालयमा जानकारी गराउने। साथै सोको सूचना जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयलाई समेत गराउने।

(ङ) कुनै व्यक्तिमा COVID-19 सँग मिल्दोजुल्दो लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जान अनुरोध गर्ने तथा आवश्यक परेको अवस्थामा वडा कार्यालय वा गाउँपालिका तथा नगरपालिकामा खबर गर्ने।

प्रशासन
सबै कर्मचारीलाई परिपत्र गर्ने।
१२।२९

# नेपाल सरकार
## संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(कर्मचारी प्रशासन मूल शाखा)

सिंहदरबार, काठमाडौं।
फोन नं: ०१-४२००५११

प सं:
च नं:

(च) नेपाल सरकारका निकाय तथा स्थानीय तहबाट सञ्चालन गरिएका लगत सङ्कलन, राहत वितरण जस्ता कार्यमा सहयोग पुर्याउने ।

(छ) दैनिक उपभोगका वस्तुहरुको मूल्य अस्वाभाविक रुपमा बढेको पाइएमा सोको जानकारी वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग/कार्यालय/प्रमुख जिल्ला अधिकारी/स्थानीय तह/नजिकको प्रहरी एकाइलाई जानकारी गराउने ।

(ज) अनावश्यक रुपमा कुनै व्यक्तिहरुलाई घरबाहिर ननिस्किन अनुरोध गर्ने । साथै, अत्यावश्यक कामको लागि घरबाहिर निस्कँदा मास्कको प्रयोग गर्ने, सामाजिक दूरी कायम गर्ने तथा आफ्नो सम्पर्कका अन्य व्यक्तिहरुलाई समेत मास्कको प्रयोग गर्न र सामाजिक दूरी कायम गर्न प्रोत्साहन गर्ने। कुनै व्यक्तिले यी विषयहरु पालना नगरेको अवस्थामा स्थानीय तह वा नजिकको प्रहरी एकाइलाई खबर गर्ने ।

(झ) दैनिक उपभोग्य वस्तुहरु बिक्री वितरण गर्ने स्थानमा सामाजिक दूरी कायम गर्ने व्यवस्था भए नभएको हेरी नभएको पाइएमा त्यस्तो दूरी कायम गर्ने व्यवस्था मिलाउन अनुरोध गर्ने र सो बमोजिम नगरेको पाइएमा स्थानीय तह वा प्रहरी एकाइमा सूचना दिने ।

(ञ) दैनिक उपभोग्य सामग्रीहरुको अभाव हुनसक्ने अवस्थालाई मध्येनजर गरी यस्ता वस्तुहरुको मितव्ययी प्रयोग गर्ने तथा अन्य व्यक्तिहरुलाई मितव्ययी बन्न अनुरोध गर्ने ।

..........................
(बाबुराम अधिकारी)
सह सचिव

<u>बोधार्थ:</u>

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार।

श्री गृह मन्त्रालय, सिंहदरबार।

नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(सङ्घीय मामिला महाशाखा)

सिंहदरबार, काठमाडौं ।

फोन नं: ०१-४२००५११

प.सं.

च.नं: ४०६

मिति: २०७६।१२।२५

श्री प्रमुख प्रशासकीय अधिकृतहरु,

स्थानीय तह, (सबै) ।

विषय: COVID-19 को रोकथाम तथा नियन्त्रण कार्यलाई प्रभावकारी बनाउने सम्बन्धमा।

विश्वव्यापी महामारीको रुपमा फैलिएको COVID-19 को रोकथाम तथा नियन्त्रणको लागि नेपाल सरकारबाट भएका निर्णयहरु कार्यान्वयन गर्न तथा स्थानीय स्तरमा सङ्क्रमण सम्भावित व्यक्तिहरुको लगत सङ्कलन, क्वारेण्टाइनको व्यवस्थापन तथा लकडाउनको कारण न्यूनतम जीवन निर्वाह गर्न कठिनाईमा रहेका व्यक्ति तथा परिवारलाई राहत उपलब्ध गराउने लगायतका कार्यमा स्थानीय तहबाट भइरहेको प्रयास अत्यन्तै सहाहनीय रहेको छ ।

राष्ट्रका साझा समस्या समाधानको लागि तीनै तहका सरकारको समन्वय र सहकार्यबाट मात्र सम्भव हुने विषय स्मरण गर्दै यस महामारीको अवस्थामा नेपाल सरकारबाट लागू गरिएको लकडाउनलाई थप प्रभावकारी बनाई हुनसक्ने क्षतिलाई कम गराउन र प्रभावित व्यक्तिहरुको न्यूनतम जीवनस्तर कायम राख्न सबै स्थानीय तहबाट निम्नानुसारका कार्यहरु गर्ने व्यवस्था मिलाउनु हुन यस मन्त्रालय (सचिवस्तर) को मिति २०७६।१२।२५ को निर्णय अनुसार अनुरोध छ:

(क) नेपाल सरकारबाट लकडाउन गर्ने भनी भएको निर्णय पछि भारत लगायत अन्य देशहरुबाट आउने व्यक्तिहरु र निजको सम्पर्कमा रहेका व्यक्तिहरुको तथ्याङ्कलाई निरन्तर अद्यावधिक गर्ने ।

(ख) बुँदा नं (क) बमोजिमका व्यक्तिहरुलाई कम्तीमा १४ दिनसम्म क्वारेण्टाइनमा राख्ने, निजहरुको स्वास्थ्य अवस्थालाई निरन्तर अनुगमन गर्ने र कुनै समस्या वा जटीलता देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा पठाउने ।

(ग) आआफ्नो स्थानीय तहभित्र बसोबास गर्ने व्यक्तिहरुमा भोकमरी वा न्यूनतम जीवनस्तर कायम हुन नसक्ने अवस्था आउन नदिने गरी राहत उपलब्ध गराउनु पर्ने व्यक्ति वा परिवारको लगत सङ्कलन गर्ने र आवश्यकता अनुसार राहत उपलब्ध गराउने ।

(घ) लामखुट्टे जस्ता जोखिमयुक्त जीव रहने सम्भावित स्थानहरुमा सम्भव भएसम्म Disinfectant Spray गर्ने व्यवस्था मिलाउने ।

श्री प्रशासन

सबै कर्मचारीलाई परिपत्र गर्नू

७६।१२।२६

Scanned with CamScanner

नेपाल सरकार

# संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

(संघीय मामिला महाशाखा)

सिंहदरबार, काठमाडौं ।

प.सं.

फोन नं: ०१ ४२००५११

च.नं.

(ङ) राहत वितरणमा स्थानीय कृषि उत्पादन प्रयोग गर्न सकिने अवस्था भएमा त्यस्ता वस्तुहरु राहत प्याकेजमा समावेश गर्ने ।

(च) राहतको रुपमा नगद वा जिन्सी सहयोग गर्न चाहने राष्ट्रिय गैरसरकारी संस्था, निजी क्षेत्र तथा सामुदायिक क्षेत्रलाई त्यस्तो सहयोग स्थानीय तहको समन्वय मार्फत मात्र वितरण गर्ने व्यवस्था मिलाउने ।

(छ) COVID-19 को रोकथाम तथा नियन्त्रणको लागि सम्पादन गरिएका कार्यको नियमित रुपमा प्रतिवेदन गर्ने तथा यस सम्बन्धमा भएको आम्दानी तथा खर्चलाई नियमित रुपमा आआफ्नो वेवसाइट मार्फत सार्वजनिक गर्ने ।

(ज) COVID-19 सँग सम्बन्धित आधिकारिक सूचना मात्र वेवसाइटमा राख्ने र सम्पूर्ण सूचनाहरुलाई वेवसाइटमा छुट्टै ब्लक बनाई एकै स्थानमा राख्ने व्यवस्था मिलाउने।

(झ) टेलिफोन, इन्टरनेट जस्ता सूचना प्रविधिका साधनहरुको प्रयोग गरी घरमै बसेर गर्न सकिने कार्यहरुलाई कार्यालय प्रमुख तथा सम्बन्धित सुपरिवेक्षकसँग समन्वय गरी सम्पादन गर्ने व्यवस्था मिलाउने ।

(ञ) तथ्याङ्क सङ्कलन, राहत वितरण जस्ता कार्यमा भीडभाड हुन नदिई सामाजिक दूरी (Social Distancing) कायम गर्ने व्यवस्था मिलाउने।

(ट) नेपाल सरकारको तर्फबाट यसअघि गरिएका अनुरोधहरुको पूर्ण कार्यान्वयनमा निरन्तर सक्रिय रहने ।

(बसन्त अधिकारी)
सह सचिव

बोधार्थ:

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार।

श्री गृह मन्त्रालय, सिंहदरबार ।

श्री अध्यक्ष । प्रमुखज्यूहरु, स्थानीय तह (सबै) : आवश्यक समन्वय र सहजीकरणको लागि ।

Scanned with CamScanner